नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौँ

(प्रशासन शाखा)

प.स :०७७।७८

च.नं. :- २६३

मिति २०७७/०४/२८

## प्रेस नोट

जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०७७/०४/२८ को कोभिड १९ को मापदण्ड पालना भए नभएको सम्बन्धमा भएको अनुगमन सम्बन्धी विवरण :

पछिल्लो समयमा उपत्यकामा कोभिड १९ को संक्रमण बढ्दो क्रममा रहेको अवस्थामा अत्यधिक भिडभाड हुने स्थानहरु जस्तै सपिङ्ग मल, पसल र बजार क्षेत्रमा नेपाल सरकारले तोकेको मापदण्ड पालना भए नभएको एकीन गरी मापदण्ड अनुरुप गराउनका लागि मिति २०७७/०४/२५ गतेको जिल्ला संकट व्यवस्थापन केन्द्रबाट निर्णय भए अनुसारको अनुगमन समितिले जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीहरुको नेतृत्वमा काठमाडौं महानगरपालिकाको मैतिदेवी, डिल्लीबजार र बागबजार क्षेत्रमा छुट्टा छुट्टै दुई वटा अनुगमन टोलीले पसल, रेष्टुरेण्ट र खुल्ला स्थानमा नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी प्रोटोकलको पालना भए नभएको अवस्थाको अनुगमन गरी देहाय बमोजिम कारवाही गरेको छ ।

- ६० जना व्यक्तिहरुलाई माक्स नलगाई हिडेकोमा संक्रामक रोग ऐन, २०२० बमोजिम जनही रु १००।- का दरले जरिवाना गरियो ।
- करिब ७५० वटा पसलमा सामाजिक एवं भौतिक दुरी कायम नगरेको, स्यानिटाइजरको प्रयोग नगरेको साथै स्वास्थ्य सम्बन्धी मापदण्ड पालना नगरेकोले चेतावनी सहित सचेत गरिइयो ।
- सडक यात्री र सवारी चालकहरुलाई उपयुक्त तरिकाले माक्सको प्रयोग गर्न सिकाइएको ।
- करिब ४५ जना माक्स किन्न नसक्ने सडक यात्रीहरुलाई माक्स वितरण गरियो ।
- जिल्ला प्रशासन कार्यालय काठमाडौंको अग्रसरतामा कोभिड १९ को रोकथामका लागि दैनिक अनुगमन गर्ने गरिएको ।

२०७७/४/२८

कमल प्रसाद पाण्डे

प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।

फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८

इमेल :daobabarmahal@gmail.com वेवसाइट: daokathmandu.moha.gov.np